नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४
मितिः- २०७६/११/०१

पत्र सं.:-स्था.त.स.शा./पत्राचार/फा.नं.३./२०७६/७७
चलानी नं.:- ३१३

श्री जिल्ला समन्वय समिति, सबै।
श्री महानगरपालिका, सबै।
श्री उपमहानगरपालिका, सबै।
श्री नगरपालिका, सबै।
श्री गाउँपालिका, सबै ।

विषय- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा गृह मन्त्रलय ७० औ राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति २०७६ को सचिवालयको प.सं.२०७६/७७, च.नं. ७५२, मिति २०७६/११/०१ को पत्रबाट आएको २०७६ साल फागुन ७ गते बुधवार ७० औ राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा यही माघ २८ गते मंगलबार सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिको बैठकद्वारा पारित कार्यक्रम यसै साथ संलग्न छ। पारित कार्यक्रम अनुसार जिल्लाका सदरमुकामहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाइ, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम साथ फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस सभ्य र भव्य रुपमा मनाउने र साँझा दिपावली गर्ने तथा जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुख/ अध्यक्षको अध्यक्षतामा स्थानीय तह स्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनितिक संघ संस्थाहरुका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरुबाट स्थानीय तहका वडास्तरसम्म प्रभातफेरी, खेलकुद, परिसम्वाद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शनी र सरसफाइ जस्ता विविध कार्यक्रम सहित फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस सभ्य र भव्य रुपमा मनाउने र साँझा दिपावली गर्ने कार्यक्रमको लागि स्थानीय तहहरुमा पत्राचार गर्न भनी लेखी आएको छ। उपरोक्त अनुसार राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने व्यवस्थाको लागि गृह मन्त्रालयको पत्र र ७० औ राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोहको कार्यक्रम यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....................
जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थ:
श्री गृह मन्त्रालय, ७० औ राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति २०७६ को सचिवालय, सिंहदरबार, काठमाण्डौं ।

नेपाल सरकार

# गृह मन्त्रालय

७० औं राष्ट्रिय प्रजातन्त्र दिवस
मूल समारोह समिति २०७६ को सचिवालय

पत्र संख्याः- प्रजातन्त्र-०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ~~638~~ 652

**अत्यन्त जरुरी**

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७६/११/०१

विषयः- **राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

~~श्री~~ श्री स्था.त.स. शाखा
तु. आ. का. ।
११/१

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**(सङ्घीय मामिला महाशाखा)**
सिंहदरबार।

२०७६ साल फागुन ७ गते बुधवार ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा यही माघ २८ गते मंगलवार सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिको बैठकद्धारा पारित कार्यक्रम यसै साथ संलग्न छ । अतः पारित कार्यक्रम अनुसार जिल्लाका सदरमुकामहरुमा जिल्ला समन्वय समितका प्रमुखको अध्यक्षतामा ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाइ, प्रभातफेरी, खेलकूद, प्रवचन तथा साहित्यिक गोष्ठी साँस्कृतिक कार्यक्रम र झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमसाथ फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस सभ्य र भव्य रुपमा मनाउने र साँझ दिपावली गर्ने तथा जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्षको अध्यक्षतामा स्थानीय तह स्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनितिक संघ संस्थाहरुका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरुबाट स्थानीय तहका वडास्तरसम्म प्रभातफेरी, खेलकुद, परिसम्वाद, प्रवचन तथा साहित्यक गोष्ठी, साँस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शनी र सरसफाई जस्ता विविध कार्यक्रम सहित फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउने र साँझ दीपावली गर्ने कार्यक्रम रहेको हुँदा सो बमोजिम हुन स्थानीय तह तथा सरकारहरुलाई पत्राचार तथा आवश्यक समन्वयको लागि निर्णायानुसार अनुरोध छ ।

(विष्णु पौडेल)
उप सचिव

सम्पर्क नं: ०१-४२११२५३, ०१-४२११२५५
ईमेल: officemanagementmoha@gmail.com

F:\Day of Democracy 2076\Second Phase Management\Letters 2nd phase.docx

# ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस
# मूल समारोहको
# कार्यक्रम

२०७६ फागुन ७ गते बुधबार

नेपाली सैनिक मञ्च, टुँडिखेल,

काठमाडौं।

# ७०औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिको कार्यक्रम

## २०७६ फागुन ७

### ७०औं राष्ट्रिय प्रजातन्त्र दिवस, २०७६ को कार्यक्रम देहायअनुसार हुनेछ :

(क) फागुन ६ गतेको कार्यक्रमः

१. सरसफाई तथा सजावट : उपत्यकाभित्रका महानगरपालिका र नगरपालिकाहरूले आ–आफ्नो क्षेत्रका विभिन्न स्थानमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको सरसफाई तथा सजावट गर्ने।

२. राष्ट्रिय प्रजातन्त्र दिवस भव्यताकासाथ मनाउन सञ्चार माध्यमहरूबाट सार्वजनिक अपिल गर्ने ।

३. रेडियो नेपालबाट परिसम्वाद कार्यक्रमको आयोजना गर्ने ।

(ख) फागुन ७ गतेको कार्यक्रमः

१. सूर्योदयकासाथ नेपाली सेनाद्वारा विगुल (रिभ्याली) बजाउने ।

२. नेपाली सेनाद्वारा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

३. प्रजातन्त्रकालागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूको आत्माको चिरशान्तिका लागि गुठी संस्थानलगायत विभिन्न धार्मिक संघ संस्थाहरूबाट पूजापाठ तथा प्रार्थनाको कार्यक्रम सञ्चालन गर्ने ।

४. सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा सन्देश दिने ।

५. सैनिकमञ्चको कार्यक्रम सुरु भएपछि '७० औं राष्ट्रिय प्रजातन्त्र दिवस–२०७६' अंकित व्यानरले सुसज्जित नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पवृष्टि गर्ने र बेलुन उडाउने ।

६. नेपाली सेनाका जवानहरुद्वारा परेवा उडाउने ।

७. सम्पूर्ण सञ्चार माध्यमहरूबाट प्रजातन्त्र दिवस सम्बन्धी समाचार बुलेटिन तथा जानकारीमूलक उपयुक्त सामग्री प्रसारण गर्ने ।

(ग) सैनिक मञ्चमा उपस्थिति

७०औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष तथा सदस्यहरू, संवैधानिक निकायका पदाधिकारीहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, नेपाल सरकारका निजामती, प्रहरी, जंगी तथा संस्थानका कर्मचारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, खेलाडी, युवा, मजदूर, किसान, महिला, सामाजिक संघ–संस्थासँग आवद्ध पदाधिकारीहरू एवं नागरिक समाज र उद्योग व्यवसायीका साथै सर्वसाधारण महानुभावहरू बिहान ०८:२० बजे सैनिकमञ्च अगाडि टुँडिखेलमा उपस्थित हुने।

(घ) अतिथिज्यूहरुको आगमन यस प्रकार हुनेछ

१. सम्माननीय राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाज्यूको आगमन ।

२. सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटाज्यूको आगमन ।

३. सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.राज्यूको आगमन ।

४. प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको आगमन ।

५. विशिष्ट अतिथि सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको आगमन।

(ङ) <u>सैनिक मञ्चको कार्यक्रमः</u>

१. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको आगमन ।
२. प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट सलामी ग्रहण ।
३. राष्ट्रिय गान ।
४. '७०औं राष्ट्रिय प्रजातन्त्र दिवस–२०७६' अंकित व्यानरले सुसज्जित नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पवृष्टि गर्ने र बेलुन उडाउने ।
५. ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिका लागि १ मिनेट मौन धारण गर्ने ।
६. नेपाली सेनाका जवानहरुद्वारा परेवा उडाउने ।
७. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल स्काउट र विद्यार्थीहरूद्वारा मार्च पास।
८. नगरपालिकाहरु (काठमाडौं, ललितपुर, भक्तपुर, मध्यपुर थिमी र कीर्तिपुर लगायत) बाट सांस्कृतिक झाँकी प्रदर्शन ।
९. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालद्वारा व्याण्ड प्रदर्शन ।
१०. ७०औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री केपीशर्मा ओलीज्यूबाट सम्बोधन र समारोह विसर्जन ।

*(रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने । उक्त प्रत्यक्ष प्रसारणलाई इच्छुक सञ्चार माध्यमले हुक गर्न सक्ने) ।*

(च) **फागुन ६, ७ र ८ गते साँझ दीपावली गर्ने**

(छ) <u>विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासमा मनाइने कार्यक्रमः</u>

विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासहरूमा विविध कार्यक्रमसहित फागुन ६, ७ र ८ गते तीन दिनसम्म प्रजातन्त्र दिवस मनाउने र साँझ दीपावली गर्ने ।

(ज) <u>उपत्यका बाहिरका प्रदेशका राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहहरूमा मनाइने कार्यक्रमः</u>

प्रदेशका राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा राष्ट्रिय प्रजातन्त्र दिवस प्रदेशस्तरीय समारोह समिति र काठमाण्डौं उपत्यका बाहिरका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला सदरमुकामहरूका सबै सरकारी कार्यालयहरु एवं स्थानीय तह समेत सम्मिलित राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमकासाथ फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरूपमा मनाउने र साँझ दीपावली गर्ने ।

त्यसैगरी जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्वन्धित स्थानीय तहका प्रमुख/अध्यक्षको अध्यक्षतामा स्थानीय तहस्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनीतिक संघ–संस्थाहरूका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरूबाट स्थानीय तहका वडा स्तरसम्म प्रभातफेरी, खेलकुद, परिसम्वाद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शनी र सरसफाई जस्ता विविध कार्यक्रम सहित फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरूपमा मनाउने र साँझ दीपावली गर्ने ।

## प्रजातन्त्र दिवस मूल समारोह समिति, २०७६ का पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | सम्माननीय प्रधानन्यायाधीश, श्री चोलेन्द्र शम्शेर ज.ब.रा | सदस्य |
| ३. | सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटा | सदस्य |
| ४. | सम्माननीय राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना | सदस्य |
| ५. | माननीय पूर्व प्रधानमन्त्रीहरु | सदस्य |
| ६. | माननीय मन्त्रीहरु (उप-प्रधानमन्त्री/मन्त्री/राज्यमन्त्री) | सदस्य |
| ७. | माननीय पूर्व प्रधानन्यायाधिशहरु | सदस्य |
| ८. | संविधानसभाका अध्यक्ष | सदस्य |
| ९. | माननीय उपसभामुख, प्रतिनिधिसभा | सदस्य |
| १०. | माननीय उपाध्यक्ष राष्ट्रियसभा | सदस्य |
| ११. | पूर्व सभामुखहरु | सदस्य |
| १२. | माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| १३. | सर्वोच्च अदालतका माननीय न्यायाधिशहरु | सदस्य |
| १४. | संवैधानिक निकायका प्रमुखहरु | सदस्य |
| १५. | सङ्घीय संसद (प्रतिनिधिसभा र राष्ट्रियसभा)का माननीय सदस्यहरु | सदस्य |
| १६. | विभिन्न राजनैतिक दलका प्रमुख/अध्यक्षहरु | सदस्य |
| १७. | काठमाडौं महानगरपालिकाका प्रमुख | सदस्य |
| १८. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| १९. | ललितपुर महानगरपालिका/जि.स.स. प्रमुखहरु | सदस्य |
| २०. | प्रधानसेनापति | सदस्य |
| २१. | संवैधानिक निकायका आयुक्त/ सदस्यहरु | सदस्य |
| २२. | सङ्घीय संसदका महासचिव | सदस्य |
| २३. | सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार | सदस्य |
| २४. | कुलपति र उपकुलपतिहरू | सदस्य |
| २५. | नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृतहरु | सदस्य |
| २६. | उपत्यका भित्रका नगरपालिकाका प्रमुखहरु | सदस्य |
| २७. | विभागीय प्रमुखहरु | सदस्य |
| २८. | आयोग, सामाजिक, व्यावसायिक, पेशागत संघ-संस्था एवं गै.स.स.का प्रमुखहरु एवं अन्य विभिन्न महानुभावहरु | सदस्य |
| २९. | गृह सचिव | सदस्य–सचिव |

## प्रचार प्रसार उप–समिति

| | | |
|---|---|---|
| १. | माननीय मन्त्री, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | श्री सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| ३. | श्री प्रमुख, जि.स.स. काठमाडौं | सदस्य |
| ४. | श्री प्रमुख, जि.स.स. ललितपुर | सदस्य |
| ५. | श्री प्रमुख, जि.स.स. भक्तपुर | सदस्य |
| ६. | श्री अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ७. | श्री अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ८. | श्री कार्यकारी निर्देशक, रेडियो नेपाल | सदस्य |
| ९. | श्री महानिर्देशक, मुद्रण विभाग | सदस्य |
| १०. | श्री अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ११. | श्री अध्यक्ष, नेपाल टेलिभिजन | सदस्य |
| १२. | श्री अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| १३. | श्री अध्यक्ष, प्रेस काउन्सील | सदस्य |
| १४. | श्री अध्यक्ष, चलचित्र विकास बोर्ड | सदस्य |
| १५. | श्री अध्यक्ष, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन | सदस्य |
| १६. | श्री अध्यक्ष, नेपाल मिडिया सोसाइटी | सदस्य |
| १७. | श्री अध्यक्ष, काठमाडौं उपत्यका एफ.एम.प्रसारक मञ्च | सदस्य |
| १८. | श्री प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| १९. | श्री अध्यक्ष, ब्रोडकाष्टिङ्ग एशोसिएसन अफ नेपाल | सदस्य |
| २०. | श्री अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ | सदस्य |
| २१. | श्री अध्यक्ष, नेपाल छापामाध्यम राष्ट्रिय सञ्जाल | सदस्य |
| २२. | श्री अध्यक्ष, नेपाल विज्ञापन संघ | सदस्य |
| २३. | श्री महानिर्देशक, सूचना विभाग | सदस्य–सचिव |

## मञ्च सजावट तथा व्यवस्थापन उप–समिति

| | | |
|---|---|---|
| १. | श्री प्रमुख, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | श्री आयुक्त, महानगरीय प्रहरी आयुक्तको कार्यालय | सदस्य |
| ३. | श्री सुपरिटेण्डेण्ट इञ्जिनियर,भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय | सदस्य |
| ४. | श्री प्रमुख सेनानी, कार्यरथी विभाग (निवेश) जंगी अड्डा | सदस्य |
| ५. | श्री उप–सचिव, का. व्य. तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | श्री स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ | सदस्य |
| ७. | श्री अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ | सदस्य |
| ८. | श्री प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य |

## ग्राउण्ड, कवाज, व्यायाम व्यवस्थापन समन्वय उप–समिति

| | | |
|---|---|---|
| १. | श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ | संयोजक |
| २. | श्री प्रमुख सेनानी, कार्यरथी विभाग (वे.वृ.),जङ्गी अड्डा | सदस्य |
| ३. | श्री सेनानी, कार्यरथी विभाग (वे.वृ.),जङ्गी अड्डा | सदस्य |
| ४. | श्री प्रमुख आयुक्त, नेपाल स्काउट, प्रधान कार्यालय | सदस्य |
| ५. | श्री प्रमुख, प्रतियोगिता तथा योजना विभाग, राष्ट्रिय खेलकुद परिषद् | सदस्य |
| ६. | श्री सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी बल प्रधान कार्यालय | सदस्य |
| ७. | श्री प्रतिनिधि, काठमाडौं महानगरपालिका | सदस्य |
| ८. | श्री प्रतिनिधि, ललितपुर महानगरपालिका | सदस्य |
| ९. | श्री प्रतिनिधि, भक्तपुर नगरपालिका | सदस्य |
| १०. | श्री प्रतिनिधि, मध्यपुर थिमी नगरपालिका | सदस्य |
| ११. | श्री प्रतिनिधि, कीर्तिपुर नगरपालिका | सदस्य |
| १२. | श्री शाखा अधिकृत, का. व्य. तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| १३. | श्री प्रहरी वरिष्ठ उपरीक्षक, महानगरीय प्रहरी आयुक्तको कार्यालय | सदस्य–सचिव |

## ७०औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह, २०७६को उपलक्ष्यमा आयोजना हुने
## नेपाली सैनिक मञ्चको कार्यक्रम

मिति :२०७६।११।०७

कार्यक्रम सुरु हुने समय : बिहान ०९:०० बजे

मूल कार्यक्रम अवधि अनुमानित : १ घण्टा २० मिनेट

### मूल समारोह सम्बन्धी कार्यक्रम

१. आमन्त्रित महानुभावहरुको आगमन (८:२० बजे)

२. राष्ट्रियसभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाज्यूको आगमन (८:३५ बजे)

३. प्रतिनिधिसभाका सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटाज्यूको आगमन (८:४० बजे)

४. सम्माननीय प्रधानन्यायाधीशज्यूको आगमन (८:४५ बजे)

५. राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन (८:५० बजे)

६. अतिथि, सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन (८:५५ बजे)

७. प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूको आगमन (९:०० बजे)

८. प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट सलामी ग्रहण (५ मिनेट)

९. राष्ट्रिय गान (३ मिनेट)

१०. नेपाली सेनाको हेलिकोप्टरबाट '७०औं राष्ट्रिय प्रजातन्त्र दिवस–२०७६' अंकित व्यानर प्रदर्शन, पुष्पवृष्टि र बेलुन उडाउने (५ मिनेट)

११. ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिको लागि १ मिनेट मौन धारण

१२. नेपाली सेनाका जवानहरुद्वारा परेवा उडाउने (२ मिनेट)

१३. नेपाली सेना,नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल स्काउट र विद्यार्थीहरुद्वारा मार्च पास (२० मिनेट)

१४. विविध सांस्कृतिक झलक प्रदर्शन (क्रमशः का.म.न.पा, जि.स.स.काठमाडौं, ललितपुर म.न.पा., जि.स.स. ललितपुर, जि.स.स. भक्तपुर, भक्तपुर न.पा., मध्यपुर थिमी न.पा., कीर्तिपुर न.पा. तथा अन्य न.पा.हरु) (२० मिनेट)

१५. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालद्वारा व्याण्ड प्रदर्शन (१५ मिनेट)

१६. ७०औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन

१७. समारोह विसर्जन